नेपाल सरकार
पुर्वाधार विकास मन्त्रालय
सडक बिभाग
हेभी ईक्विप्मेन्ट डिभिजन, जनकपुर

नेपाल सरकार
पुर्वाधार विकास मन्त्रालय
सडक डिभिजन
हेभी इक्विपमेन्ट डिभिजन
जनकपुर

रामानन्द चौधरी
मेकानिकल ईन्जिनियर

# बोलपत्र – पुस्तिका

लिलाम बोलपत्र आव्हान सुचना नं. :- HEDJNK/AUCTION/01/2082-083

बिवरण :- पुराना यान्त्रिक उपकरण तथा सवारी साधनहरु, मोडेल आउट भएका यान्त्रिक उपकरण तथा सवारी साधनहरुका Obsolete Spare Parts (Line Item)हरु, पुराना टायर तथा बेट्रीहरु, र अन्य पुराना पुन प्रयोग हुन नसक्ने विभिन्न स्क्रेप सामानहरु ।

बोलपत्र सूचना प्रकाशित मिति :- २०८३/०२/१३

बोलपत्र खरिद गर्ने अन्तिम मितिः २०८३/०३/०२ गते कार्यालय समय सम्म

बोलपत्र दाखिला गर्ने अन्तिम मितिः २०८३/०३/०३ गते दिनको १२ बजे सम्म

बोलपत्रदाताको नाम :-

बोलपत्रदाताको पूरा ठेगाना :-

सम्पर्क गर्ने टेलिफोन :-

नेपाल सरकार
पुर्वाधार विकास मन्त्रालय
सडक विभाग
हेभी ईक्विप्मेन्ट डिभिजन, जनकपुर

**लिलाम सम्बन्धी सुचना**

बोलपत्र सुचना नं. HEDJNK/AUCTION/01/2082-083
प्रथम पटक सुचना प्रकाशित मितिः २०८३/०२/१३

पुर्वाधार विकास मन्त्रालय
सडक डिभिजन
हेभी ईक्विप्मेन्ट डिभिजन
जनकपुर

रामानन्द चौधरी
मेकानिकल ईन्जिनियर

१. यस डिभिजनमा रहेका पूराना लिलामी अवस्थाका निम्न सामानहरु बोलपत्रको माध्यमद्धारा लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ ।यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र इच्छुक खरिदकर्ताहरूबाट सिलबन्दि बोलपत्र आव्हान गरिन्छ ।बोलपत्र सम्बन्धी कागजातहरू www.bolpatra.gov.np/egp बाट डाउनलोड गरी E-Bidding मार्फत इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले दर्ता गर्न सकिनेछ ।यस सम्बन्धमा विस्तृत व्यहोरा बोलपत्र फाराम उल्लेख गरिएको छ । यस अतिरिक्त अन्य कुरा बुझ्नु परेमा वा सम्पति तथा मालसामान हेर्न चाहेमा यस डिभिजनको जिन्सी शाखामा सम्पर्क राख्न अनुरोध छ ।

२. बोलपत्र फाराम पाउने स्थान र समय :- श्री सडक विभाग,. हे.ई.डि. जनकपुर, कार्यालय समय भित्र ।

३. बोलपत्र फाराम दस्तुर :- रु.२००० (फिर्ता नहुने) बोलपत्र खरिद गर्न लाग्ने राजस्व दस्तुर राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, जनकपूर शाखामा रहेको राजस्व खाता नं. १०००१००२०००१००००, राजस्व शिर्षक नं.१४२२९, हे.ई.डि. जनकपूरको कार्यालय कोड नं. ३३७०११७०३ मा वा यसै कार्यालयमा नगद बूझाई वापत प्राप्त सक्कलै बैक भौचर निवेदनसाथ तथा बुदा नं. १० मा उल्लेख गरेअनुसारका कागजात पेश गरिसकेपछि बोलपत्र फारम यस कार्यालयबाट उपलब्ध गराइने छ।

४. बोलपत्र खरिद अन्तिम मिति :- प्रथम पटक सुचना प्रकाशित भएको मितिले २१ औं दिन कार्यालय समय सम्म ।

५. बोलपत्र दाखिला गर्नूपर्ने अन्तिम मिति :- प्रथम पटक सूचना प्रकाशित भएको मितिले २२ औं दिनको १२:०० बजेसम्म ।

६. बोलपत्र पेश गर्ने स्थान :- श्री सडक विभाग,. हे.ई.डि. जनकपुर ।

७. बोलपत्र खोलिने समय, मिति र स्थान :- २२ औं दिनको १२:०० बजे, श्री सडक विभाग,. हे.ई.डि. जनकपुर ।

८. धरौटी रकम :- कबोल अंकको १०% (भ्याट सहितको)

९. धरौटी जम्मा गर्ने बैंकको नाम, खाता नं. र कार्यालय कोड नं. :- बोलपत्र दाखिला गर्दा बोलपत्र जमानत वापतको रकम कोष तथा लेखा नियन्त्रक कार्यालय, जनकपूरको राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, जनकपुर शाखामा रहेको धरौटी खाता नं. १२२०१००१०२०३००००, हे.ई.डि. जनकपुरको कार्यालय कोड नं.३३७०११७०३ मा दाखिला गरेको सक्कल बैक भौचर वा मान्यता प्राप्त बैकबाट यस कार्यालयको नाममा जारी गरिएको कम्तिमा १२० दिन (बोलपत्र दाखिला गर्ने अन्तिम मितिदेखी म्याद भएको बैक जमानतपत्र (Unconditional Bid Bond) बोलपत्रसाथ पेश गर्नुपर्नेछ । यसरी पेश गरिने जमानत वापतको बैक भौचर, रसिद वा बैक जमानतपत्र यो सूचना प्रकाशित भएको मिति पछीको हुनुपर्नेछ।

१०. बोलपत्र खरिद गर्न इच्छुक ब्यक्तिले वा संस्थाले पेश गर्नू पर्ने कागजातहरु :-
   (क) फर्म भए नविकरण भएको ईजाजत पत्रको प्रमाणित प्रतिलिपि
   (ख) आ.व.२०८१/०८२ सम्मको कर चूक्ताको प्रमाणित प्रतिलिपि
   (ग) ब्यक्ति भए नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि

११. बोलपत्र दाखिला गर्ने दिन वा खोलिने दिन विदा परेमा त्यसको लगत्तै कार्यालय खूलेको दिनको १२:०० बजेसम्म दाखिला गर्ने र ०२:०० बजे खोलिने छ ।

१२. बोलपत्र फाराम सिलबन्दी नभएको, बोलपत्र दाताको सही छाप नभएको, म्याद भित्र दाखिला नभएको, तोकिएको धरौटी रकम जम्मा नभएको ईत्यादि कुनै कारणबाट रित नपुगेको बोलपत्र माथि कारबाही हुने छैन।

१३. माथि उल्लेखित यान्त्रिक उपकरण तथा सवारी साधनहरुको ब्लू बूक र नम्बर नदिने र यातायात व्यवस्था कार्यालयबाट नामसारी समेत हुने छैन ।

१४. बोलपत्र स्वीकृत वा रद्द गर्ने सम्पुर्ण अधिकार यस डिभिजनमा निहित रहनेछ।

१५. बोल कबोल गरेको कुल जम्मा रकममा मूल्य अभिबृद्धि कर १३ प्रतिशत (भ्याट) अतिरिक्त लाग्नेछ ।

१६. विस्तृत विवरण र लिलाम हुने सामानहरु हेर्नका लागि कार्यालय समय भित्र यस डिभिजनमा हेर्ने व्यवस्था मिलाईने छ ।

## बोलपत्र सम्वन्धी निर्देशिका/शर्तनामा

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
सडक डिभिजन
मेकानिकल इक्विपमेन्ट डिभिजन
जनकपुर

रामानन्द चौधरी
मेकानिकल ईन्जिनियर

१. लिलाम हुने यान्त्रिक उपकरण तथा सवारी साधनहरुका साथै अन्य सामानहरु यस डिभिजनको यार्डमा जे जस्तो अवस्थामा छ सोहि अवस्थामा लिलाम हूनेछ ।

२. यस डिभिजनबाट प्रकाशित लिलामी सामानहरुको आंशिक रुपमा बोल कबोल गर्न पाइने छैन ।

३. बोलपत्र पुस्तिकामा संलग्न लिलाम हूने सामानहरुको विवरण सुचीमा उल्लेखित सबै सामानहरुको एकमुष्ट बोल कबोल गर्नु पर्नेछ । कबोल गरेको रकममा १३ प्रतिशत थप मु.अ.क. लाग्नेछ ।

४. बोलपत्रसाथ कबोल गरेको रकम भ्याटसहितको १०% (पाँच प्रतिशत) बराबर हुन आउने रकम कोष तथा लेखा नियन्त्रक कार्यालय, धनूषा राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, जनकपुर शाखामा रहेको धरौटी खाता नं. १२२०१००१०२०३००००, हे.ई.डि. जनकपुरको कार्यालय कोड नं.३३७०११७०३ उल्लेख गरी हस्तेमा सम्बन्धित बोलपत्रदाताको नाम ठेगाना उल्लेख भएको सक्कलै भौचर संलग्न हुनु पर्नेछ वा मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको कम्तिमा १२० दिन(बोलपत्र दाखिला गर्ने अन्तिम मितिदेखी) म्याद भएको बैंक जमानी पत्र (Unconditional Bid Bond) बोलपत्रसाथ पेश गर्नुपर्नेछ। यसरी पेश गरिने जमानत वापतको बैंक भौचर, रसिद वा बैंक जमानीपत्र यो सुचना प्रकाशित भएको मिति पछीको हुनुपर्नेछ।

५. कबोल गरेको रकम अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ । केरमेट गरी पूनलेखन गरेमा बोलपत्रदाताले सहिछाप गर्नु पर्नेछ । टिपेक्स लगाएर पूनलेखन गरेको बोलपत्र मान्य हूने छैन ।

६. मुल्यअकित परिमाण सुचीमा बोलपत्रदाताको पूरा नाम, ठेगाना, टेलिफोन नं. समेत खुलाउनुका साथै बोलपत्रदाताले बोलपत्र पूस्तिकाको प्रत्येक पानामा अनिवार्य रुपमा सहिछाप गरेको हुनु पर्नेछ ।

७. बोलपत्रदाताले सामानहरु हेर्न चाहेमा कार्यालय समयमा यस डिभिजनमा स्वयं उपस्थित भई हेर्न सकिनेछ ।

८. बोलपत्र स्विकृत भएको ७ (सात) दिन भित्र कबोल गरेको एकमूष्ट रकम यस डिभिजनले निर्देशन गरे अनूसार राजश्व खातामा जम्मा गरी सक्कल भौचर सहित सम्झौता गर्न आउनू पर्नेछ ।

९. सम्झौता गरेको १५ दिन भित्र अनिवार्य रुपमा सामानहरु उठाइ लैजानु पर्नेछ । तोकिएको अवधि भित्र सामान उठाइ नलगेको खण्डमा यस डिभिजनले सो सामानहरु बारे जवाफदेहि हूने छैन।

१०. बोलपत्रदाताले सामानहरु कार्यालय समय भित्र उठाई लैजाने ब्यवस्था गर्नू पर्नेछ ।

११. बोलपत्रदाताले सकार गरेका सम्पूर्ण भारी यान्त्रिक उपकरण तथा सवारी साधनहरु साविक अवस्थामै लोड गरी ढुवानी गर्न पाइने छैन । साथै प्रत्येक उपकरणहरुको टुक्रा बनाई ढुवानी गरी लैजानु पर्ने छ ।

१२. बोलपत्र उपलब्ध, दाखिला र बोलपत्र साथ संलग्न हुनु पर्ने कागजातहरु सुचना तथा प्रचलित ऐन नियममा उल्लेख भए अनूसार हुनेछ ।

१३. लिलाम प्रकृयामा कूनै द्धिविधा भएमा यस डिभिजनको निर्णयलाई अन्तिम मानिने छ ।

१४. स्थानिय कर वा अन्य जुनसुकै लाग्ने कर बोलपत्रदाता स्वयमले ब्यहोर्नू पर्ने छ ।

१५. पाना नं. ५ मा उल्लेखित उपकरण तथा सवारीसाधनहरूको ब्लू बुक र नम्बर यस डिमिजनबाट नदिइने तथा यातायात व्यवस्था कार्यालयबाट नामसारीका लागी यस डिमिजनबाट सिफारिस समेत दिइने छैन ।

१६. बोलापत्र खोल्ने समयमा इलेक्ट्रोनिक प्रकृया मार्फत दर्ता गरिएका बोलापत्रहरू submit भएको नदेखिएमा वा आंशिक upload भएमा वा upload गरिएका फाइलहरू unreadable/corrupted भएमा यो डिमिजन जवाफदेही हुने छैन र उक्त बोलापत्रदाताको बोलापत्र मुल्यांकनमा समावेश गरिने छैन ।

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
सडक डिभिजन
इक्विपमेन्ट डिभिजन
जनकपुर

रामानन्द चौधरी
मेकानिकल ईन्जिनियर

१७. बोलापत्रदाताले तोकिएको न्यूनतम बिक्री मूल्य भन्दा घटी कबोल गर्न पाउने छैन । घटी कबोल गरेको पाइए उक्त बोलापत्र स्वतः रद्ध भएको मानिनेछ ।

१८. बोलापत्रदाताले आफूले पेश गरेको बोलापत्रमा कुनै पनि शर्तहरू राख्न पाउने छैन ।

१९. सामान्यत सबैभन्दा बढी रकम कबोल गर्नेको बोलापत्र स्वीकृत गरिने छ । तापनि कुनै कारण जनाई वा नजनाई अन्य बोलापत्र पूरा स्वीकृत गर्ने वा आंशिक रूपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस डिभिजनमा सुरक्षित रहनेछ ।

२०. लिलाम बिक्री सम्बन्धमा कारवाही आर्थिक कार्याविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६, आर्थिक कार्याविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ तथा प्रचलित ऐन/नियमावलीमा भएको व्यवस्था बमोजिम हुनेछ ।

२१. सम्झौता अवधि भित्र सम्पत्ति तथा मालसामान बोलापत्रदाताले उठाई लान काबु बाहिरको परिस्थिति परेमा सम्झौता अवधि सकिनु अगावै म्याद थपको लागि डिभिजनमा निवेदन पेश गर्नुपर्नेछ ।

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
सडक डिभिजन
हेभी इक्विपमेन्ट डिभिजन
जनकपुर

रामानन्द चौधरी
मेकानिकल ईन्जिनियर

लिलाम गर्ने सामानहरुको विवरण

| क्र.सं. | सामानको विवरण | परिमाण (अनुमानित वजन) | न्यूनतम मुल्य | कैफियत |
|---|---|---|---|---|
| १ | सवारी साधन तथा मेशिनरी | ८ थान (३७०८ के.जि.) | १९७४१२४.०० (उन्नाईस लाख चौहत्तर हजार एक सय चौविस रुपैयाँ मात्र) | |
| २ | Obselete Spare parts, tools and office goods | ४४३ Items (३९८९.६७ के.जि.) | | |
| ३ | Tyre Different Sizes (Small) | ९४ थान (१३१६ के.जि.) | | |
| ४ | Tyre Different Sizes (Large) | ५३ थान (३१८० के.जि.) | | |
| ५ | Battery Sizes( Small - 65A/H-100a/h) | ३९ थान (९७५ के.जि.) | | |
| ६ | Battery Sizes( Large 120a/h -150a/h) | ३ थान (९० के.जि.) | | |
| ७ | Old Spare parts and tools (Scraps) | २००० के.जी. (अन्दाजी) | | |

अक्षेरेपि उन्नाईस लाख चौहत्तर हजार एक सय चौविस रुपैयाँ मात्र ।

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
सडक डिभिजन
हेभी इक्विपमेन्ट डिभिजन
जनकपुर

रामानन्द चौधरी
मेकानिकल ईन्जिनियर

## मूल्य अंकित परिमाण सूची (Bill Of Quantity)

| १ | लिलामहुन माल समानहरूको | अंकमा रू. | अक्षरमा रू. |
|---|---|---|---|
| २ | न्यूनतम मूल्याङ्कित रकम | | |
| ३ | बोल कबोल गरेको रकम | | |
| ४ | मूल्य अभिबृद्धि कर(१३ प्रतिशत) | | |
| ५ | जम्मा (मु.अ.कर.सहित) | | |

बोलपत्रदाताको सहिछाप :-

बोलपत्रदाताको पुरा नाम :-

बोलपत्रदाताको ठेगाना :-

टेलिफोन नं. :-

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
सडक डिभिजन
हेभी इक्विपमेन्ट डिभिजन
जनकपुर

रामानन्द चौधरी
मेकानिकल ईन्जिनियर

# बोलपत्र दरखास्त फाराम

लिलाम बोलपत्र आह्वान सूचना नं. :- HEDJNK/AUCTION/01/2082-083

श्री सडक बिभाग,
हेभि ईक्वीप्मेण्ट डिभिजन, जनकपुर ।

मैले/हामीले यस डिभिजनबाट प्रकाशित सुचना अनुसार लिलाम हुने यान्त्रिक उपकरण तथा सवारी साधनहरुका साथै अन्य सामानहरु लिलाम बिक्री सम्वन्धि सूचना राम्रो संग अध्ययन गरी उक्त सुचनामा उल्लेखित निर्देशन तथा सर्तहरु पालना गर्न मन्जुरी जनाई लिलामी सामानहरु हेरी, जांची संलग्न मुल्यअंकित परिमाण सुचीमा उल्लेखित कुल जम्मा रु.........................अक्षरेपी रु........................................मा उठाई लैजान मंजूर गर्दछु/गर्दछौ । सूचनामा उल्लेख भए अनूसारको १०% धरौटी रकम वापत रु...................... बोलपत्रमा लेखिएबमोजिम जम्मा गरि बैक भौचर/बैक ग्यारेन्टी यसै साथ संलग्न गरि पेश गरको छु/छौ ।

बोलपत्रदाताको सहिछाप :-

बोलपत्रदाताको पुरा नाम :-

बोलपत्रदाताको ठेगाना :-

टेलिफोन नं. :-

मिति :-

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
सडक डिभिजन
हेभी इक्विपमेन्ट डिभिजन
जनकपुर

रामानन्द चौधरी
मेकानिकल ईन्जिनियर

## बोलपत्र सम्बन्धी कबुलियतनामा ।

१. यसै साथ संलग्न मूल्य सूचीमा उल्लेख गरिएका सामानहरु मैले/हामीले बोल कबोल गरेका रकममा लिलाम स्वीकृति भएको पत्र पाएको ७ (सात) दिन भित्र बोल कबोल गरेको रकम हेभी ईक्वीपमेन्ट डिभिजन, जनकपुरको खातामा जम्मा गरेको सक्कल भौचर दाखिला गरी सम्झौता गर्न उपस्थित हुन मन्जुर गर्दछु/गर्दछौ।

२. रकम दाखिला गरी सम्झौता गरेको १५ दिन भित्रै अनिवार्य रुपमा सामानहरु उठाई लैजाने छु/छौ।

३. उल्लेख गरिएका सामानहरु उठाएर लैजाने कार्य कार्यालय समयभित्र गर्न मन्जुर हुने छु/छौ।

४. सम्पूर्ण भारी यान्त्रिक उपकरण तथा सवारी साधनहरु टुक्रा बनाई दुवानी गरी लैजाने छु/छौ।

बोलपत्रदाताको सहिछाप :-

बोलपत्रदाताको पुरा नाम :-

बोलपत्रदाताको ठेगाना :-

मिति :-

टेलिफोन नं. :-

मोबाइल नं. :-

कम्पनीको छाप :-